# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

खण्ड २ बुटवल, असार ३१ गते, २०७६ साल संख्या ५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बुटवल उप-महानगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको नगर शिक्षा ऐन,२०७४ (पहिलो संशोधन) ऐन, २०७६ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग १

# बुटवल उप-महानगरपालिकाको नगर शिक्षा ऐन, २०७४ (पहिलो संशोधन), २०७६

**संशोधनका बुँदाहरु**

१. प्रस्तावनामा संशोधन : नगर शिक्षा ऐन २०७४ (यसपछि मूल ऐन भनिएको) को प्रस्तावना रहेको वाक्यांश “संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न” पछि देहाएको वाक्यांश थप गर्ने “तथा नेपालको संविधान २०७२ ले परिकल्पना गरेको समाजवाद उन्मुख समाजको स्थापनाका लागि शिक्षामा समतामूलक अवसर सिर्जना गर्न” भन्ने वाक्यांश थप गर्ने ।

२. ऐनको दफा २ मा संशोधन : मूल ऐनको दफा २ को ( क), (ख), (ग) मा संशोधन गरी देहाय अनुसार राख्ने,

(क) “पूर्व प्राथमिक शिक्षा” भन्नाले तिन वर्ष उमेर पुरा भएका बालबालिकाहरुलाई प्राथमिक शिक्षाको प्रवेश गर्नु पहिल्यै दिइने प्लेग्रुप, नर्सरी, एल के.जी., यू के.जी. वा प्रारम्भिक बालशिक्षाका नामबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) “प्राथमिक शिक्षा” भन्नाले कक्षा एक देखि कक्षा पाँच सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) “आधारभूत शिक्षा” भन्नाले पूर्व प्राथमिक कक्षा देखि कक्षा आठसम्म दिइने शिक्षालाई सम्झनुपर्छ ।

(घ) ........................................ यस (घ) लाई झिकिएको छ ।

३. ऐनको दफा २ को (ठ) मा देहाए बमोजिम संशोधन गरिएको छ ।

(ठ) “प्राविधिक तथा व्यवसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप, प्रविधिमा आधारित एवं स्वरोजगारउन्मुख जनशक्ति उत्पादन गर्ने प्रदान गरिने व्यवसायमूलक शिक्षालाई सम्झनु पर्छ ।

४. ऐनको दफा २ को ढ पछि देहाएको (ढ१), (ढ२), (ढ३), (ढ४) र (ढ५) थप गर्ने

ढ १. विद्यालय भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

ढ २. पूर्व प्राथमिक विद्यालय भन्नाले दफा २ को (क)बमोजिमको शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

ढ ३. प्राथमिक विद्यालय भन्नाले दफा २ को (क) र (ख) बमोजिम वा (ख) बमोजिमको शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

ढ ४. आधारभूत विद्यालय भन्नाले खण्ड (ग) बमोजिमको शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

ढ ५. माध्यमिक विद्यालय भन्नाले खण्ड (ग) र (ङ) वा खण्ड (ङ) बमोजिमको शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

५. ऐनको दफा ३ को उपदफा १० लाई देहाय अनुसार संशोधन गरिएको छ :

माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्नेगरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसँग भएको सम्झौता बमोजिम त्यसरी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिनका लागि नेपल सरकारबाट सिफारिस भईआएमा उप-महानगरपालिकाले शर्ततोकी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति लिई संचालन गरिएको विद्यालयले तोकिएका शर्त वन्देज पालना नगरेमा उप-महानगरपालिकाले नेपाल सरकारको अनुमति लिई त्यस्तो विद्यालयलाई जुनसुकै वखत वन्द गर्न सक्नेछ । यस प्रकारको विद्यालयलाई पनि उपदफा १ र २ अनिवार्य हुनेछ ।

६. ऐनको दफा ४ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

**परीक्षाको सञ्चालन, व्यवस्थापन र समन्वय**

उप-महानगरपालिका क्षेत्रभित्रका विद्यालयहरुको परीक्षा सञ्चालन , व्यवस्थापन र समन्वय गर्न तोकिए बमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ । परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

७. ऐनको दफा ८ मा संशोधन : ऐनको दफा ८ लाई संशोधन गरी देहाए बमोजिम संशोधन गरिएको छ ।

**विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक**

विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नु पर्छ । प्रचलित कानूनको अधिनमा रही स्थानीय आवश्यकता बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न सकिनेछ ।

८. ऐनको दफा ९ को उपदफा १ मा रहेको वाक्यांशलाई देहाय अनुसार राखिएको छ : “उप-महानगरपालिका क्षेत्र भित्रका विद्यालयको रेखदेख र व्यवस्थापन समेतका काम गर्नका लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ” :

९ ऐनको दफा १० को (च), (ढ), (ध), (न) र (प) मा देहाय अनुसार संशोधन गरिएको छ ।

च. नगर क्षेत्र भित्रका विद्यालयहरुको लेखा परीक्षण गर्न लेखा परीक्षकहरुको सूची स्वीकृत गर्ने साथै लेखा परीक्षकको पारिश्रमिक निर्धारण गर्ने,

ढ. अस्थायी तथा करार शिक्षकहरुको छनोट गर्ने कार्यका लागि विशेषज्ञहरुको सूची स्वीकृत गर्ने,

ध. वडा शिक्षा समितिबाट सिफारिस सहित आएका विद्यालयको शैक्षिक गुणस्तर एवं भौतिक पूर्वाधार विकासको गुरुयोजना स्वीकृत गर्ने,

न. विद्यालयका शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरुका लागि तालिमको व्यवस्था गर्ने,

१०. ऐनको दफा १६ मा संशोधन : यस दफामा भएको व्यवस्थालाई देहाय संशोधन गरिएको छ :

**अध्यापन अनुमति पत्र :-**

विद्यालयको शिक्षक पदमा नियुक्त हुन तोकीए बमोजिमको अध्यापन अनुमति लिएका व्यक्ति मात्र उम्मेदवार हुन सक्नेछन् ।

११. ऐनको दफा १९ मा रहेको “प्रारम्भिक बाल शिक्षासम्बन्धी व्यवस्था” को सट्टा “पूर्व प्राथमिक शिक्षा सम्बन्धी व्यवस्था” भन्ने वाक्यांश राखिएको छ ।

१२. दफा २० मा रहेको “प्रारम्भिक बालविकास केन्द्र” भन्ने वांक्याशको सट्टा “पूर्व प्राथमिक विद्यालय” भन्ने वाक्यांश राखिएको छ ।

१३. दफा ३१ (ग) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धि स्तर वृद्धि गर्न र विद्यालय स्रोतबाट तलव, भत्ता खाने गरी नियुक्त गरिएका शिक्षक/कर्मचारीहरुको पारिश्रमिकको खर्च जुटाउने गरी विद्यालयले आफ्नो स्रोतमा निर्माण गरेका आय आर्जन हुने सम्पत्ति जस्तैः माछापोखरी, सटरहरु आदिको विविध कर र विद्यालयको जग्गा मालपोत (तिरो) दस्तुर छुट हुनेछ । तर घर जग्गा वहालमा लगाउँदा वहालकर छुट हुने छैन ।

१४. ऐनको दफा ४५ को (ख) मा संशोधन : यस खण्डमा रहेको वांक्याश शिक्षा हेर्ने अधिकृत वा निजको प्रतिनिधि भन्ने वाक्यांशमा नगरपालिकाको शिक्षा महाशाखाको अधिकृत कर्मचारी भन्ने शब्द राख्ने ।

**आज्ञाले**

प्रमाणीकरण मितिः २०७६/०३/३१

**चक्रपाणी शर्मा**

**प्रमुख प्रशासकीय अधिकृत**